मकवानपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिकारुली, मकवानपुर

प्रदेश नं. ३, नेपाल

## १ क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/०५/३१

यस गांउपालिका कार्यालयको आ.ब. २०७६/७७ को स्विकृत बार्षिक कार्यक्रम अनुसार सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संसोधन) को नियम ३१(ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनि वा सो को आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने ( क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ( ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मुल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखि तपसिलमा उल्लेख भए बमोजिम शिलवन्दी प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै दर्ता गराउन हुन सम्बन्धीत उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

1. सिलबन्दी प्रस्ताव सम्बन्धी कागजात यस गांउपालीकाको कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।

2. उक्त प्रस्ताव लिनका लागि इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनि वा त्यसको आधिकारिक विक्रेताहरुले आफ्नो फर्म/कम्पनी दर्ता, प्यान/भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ.ब. २०७४/०७५ को आयकर चुक्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलिपीहरु तथा फर्म/कम्पनीको अनुरोध पत्र सहित सूचना प्रकासित भएको मितिले ७ (सात) दिन भित्र गांउपालिकाको कार्यालयमा कार्यालय समय भित्र उपस्थीत हुनपर्नेछ खरिद सम्बन्धी प्राविधिक प्रस्ताव लिइसक्नुपर्नेछ ।

3. यो सूचना प्रथम पटक प्रकाशित भएको आठौं दिन (मिति २०७६/०६/०७ गते १२:०० बजे भित्र यस मकवानपुरगढी गाउँपालिकाको कार्यालयमा सिलबन्दी आर्थिक तथा प्राविधिक प्रस्ताव छुट्टाछुट्टै दर्ता गराई सक्नुपर्नेछ र दर्ता भएको सिलबन्दी प्रस्ताव सोही दिन १३:०० बजे खोलिनेछ ।

| क्र. सं. | ठेक्का नं. | सवारी साधनको नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१-०७६/७७ | चारपाग्रे सवारी साधन **Hard Top Jeep** | ☐ Hard Top Jeep<br>☐ The vehicle shall have seating capacity at least 7 passenger including driver | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specific ation बमोजिम हुनेछ । |

4. सवारी साधनको विस्तृत स्पेसिफिकेसन यस कार्यालयको सूचना पाटिमा हेर्न सकिनेछ ।